# आर्थिक वर्ष २०७५/०७६ को

# बजेट वक्तव्य

मष्टा गाउँपालिकाका

गाउँ कार्यपालिकाको कार्यालय

७ नं. प्रदेश, भातेखोला, बझाङ्ग

# मष्टा गाउँपालिकाको आ.व. २०७५/०७६ को बजेट वक्तव्य

गाउँसभाका अध्यक्ष ज्यू,

गाउँसभाका सदस्य ज्यूहरु,

प्रमुख अतिथि ज्यू, लगायत अन्य अतिथि गण

मष्टा गाउँपालिकाको उपाध्यक्ष तथा बजेट तथा कार्यक्रम तजुमा समितिको संयोजकको हैसियतले यस सम्मानित गाउँसभामा आगामी आर्थिक वर्ष २०७५/०७६ को बजेट प्रस्तुत गर्न पाउँदा अत्यन्त गौरवान्वित भएको छु । यस अवसरमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु । जनआन्दोलनका घाइते तथा वेपत्ता नागरिकहरुको सम्मान गर्दै राजनीतिक परिवर्तनका लागि युगान्तकारी नेतृत्व निर्वाह गर्ने राजनीतिक अग्रज शिखर व्यक्तित्व प्रति उच्च सम्मान व्यक्त गर्दछु ।

नेपालको संविधान जारी भइ संविधान अनुसार संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको सरकारको व्यवस्था भइ स्थानीय तहको निर्वाचन सम्पन्न भएको १ वर्ष पूरा भएको छ । यस अवधिमा संविधानको अनुसूची-८ बमोजिमको अधिकार प्रयोग गरि यस मष्टा गाउँपालिकामा स्थानीय शासन सञ्चालनको अभ्यास भई रहेको छ । यस अवधिमा स्थानीय तहका लागि आवश्यक कानुन निर्माण प्रक्रिया जारी रहनु, यस गाउँपालिकामा आवश्यक कर्मचारीको अभाव रहनु, बैंक तथा वित्तीय संस्था समयमा स्थापना हुन नसक्नु, शान्ति सुरक्षाका लागि समयमा सुरक्षा चौकी स्थापना हुन नसक्नु जस्ता विविध कारणले विकास निर्माण प्रक्रियामा थुप्रै समस्या तथा चुनौतीहरु सृजना भए । उपयुक्त समस्या र चुनौतिका माझ स्थानीय स्रोत साधन, जनशक्ति, बजेटको आधारमा विकासका गतिविधिहरु केहि हदसम्म भए पनि सन्तोषजनक रहनु तथा स्थानीय सरकारको अभ्यास गर्न पाउनु अवसरको रुपमा लिन सकिन्छ ।

अध्यक्ष महोदय,

अब म आ.व. २०७४/०७५ को नीति तथा कार्यक्रमको समिक्षा गर्ने अनुमति चाहन्छु ।

यस मष्टा गाउँपालिकाको स्थानीय सरकार सञ्चालन गर्न हामी जनप्रतिनिधिहरुले जिम्मेवारी वहन गरेको १ वर्ष पूरा भएको छ । आ.व. २०७३/०७४ को अन्त्यतिर पद वहाली भएकोमा उक्त आर्थिक वर्षमा नेपाल सरकारबाट स्थानीय तह स्थापनापछि रु.५२ लाख प्राप्त भएकोमा आ.व. को अन्त्यमा कूल चालु रकम रु.२० लाख र पूँजीगत रकम रु.३२ लाख खर्च भएको थियो ।

आर्थिक वर्ष २०७४/०७५ को प्रथम गाउँसभाबाट कृषि क्षेत्रको विविधिकरण र आधुनिकीकरण गर्ने, सडक तथा यातायात क्षेत्रलाइ विषेश प्राथमिकता दिने, प्रत्येक वडामा भौतिक पूर्वाधार सहित स्वास्थ्य चौकी स्थापना गर्ने, गाउँपालिकामा शान्ति सुरक्षाका लागि प्रहरी चौकी स्थापना गर्ने, समाजमा रहेका छुवाछुत, छाउपडी प्रथा लगायतका कुरीतिको अन्त्य गर्ने, मागमा आधारित योजना तर्जुमा गरी क्रमशः गाउँपालिका भित्र गरिबि

न्यूनिकरण गर्दै लैजाने नीति रहेको थियो । विकट भौगोलिक अवस्था, जनशक्तिको अभाव रहेको यस गाउँपालिकामा आ.व. २०७४/०७५ मा लिएको नीति तथा कार्यक्रम अनुरुप यस गाउँपालिकाको वडा नं. १ देखि ५ सम्म सडक निमार्ण कार्य भएको छ । केहि विद्यालय भवन निर्माणको कार्य सम्पन्न भएको र केहि विद्यालय तथा वर्थिङ सेन्टरको निर्माण कार्य जारी रहेको छ । लक्षित वर्गका लागि छुट्याइएको बजेट, कृषि तथा पशुसेवा क्षेत्रको बजेट कार्यान्वयन भएको छ । गाउँपालिकामा स्थानीय जनताको शान्ति सुरक्षाको लागि प्रहरी चौकी स्थापना हुनुका साथै वित्तीय कारोबारमा सहज बनाउन राष्ट्रिय वाणिज्य बैंकको शाखा स्थापना भइसकेको छ । आ.व. २०७४/०७५ को नीति तथा कार्यक्रम सञ्चालन गर्न प्राप्त सर्शत अनुदान रकम रु.७ करोड ५ लाख २६ हजार, वित्तीय समानीकरण रकम रु. १४ करोड १४ लाख ३१ हजार ग्रामिण जलस्रोतबाट प्राप्त रकम रु.१ करोड १७ लाख ५ हजार ४ सय ३७ रुपैंया, संघीय संरचना तथा पूर्वाधार कार्यक्रम रु. ५८ लाख ६६ हजार ७ सय २९ रुपैंया, बहुक्षेत्रीय पोषण कार्यक्रम रु. १६ लाख ९८ हजार, गाउँपालिकाको अनुमानित आय रु.४ लाख, अनुमानित सामाजिक सुरक्षा भत्ता रु.४ करोड ६५ लाख सहित कूल २७ करोड ८१ लाख २७ हजार १ सय ६६ रुपैया बजेट विनियोजन भएको थियो । जसमध्ये १३ करोड ४२ लाख ९ हजार ४ सय ३७ रुपैंया सशर्त अनुदान, सामाजिक सुरक्षा भत्ता, ग्रामिण जलस्रोत परियोजना र बहुक्षेत्रिय पोषण कार्यक्रम अन्तर्गत तोकिएको क्षेत्रमा विनियोजन गरिएको थियो । बाँकी १४ करोड ७६ लाख ९७ हजार ७ सय २९ रुपैंया मध्ये पूँजीगत तर्फ रकम रु. ११ करोड ७७ लाख ३ हजार २ सय ९७ र चालुतर्फ रकम रु. ३ करोड ६९ लाख २४ हजार ४ सय ३२ रुपैंया बजेट विनियोजन गरिएको थियो । विनियोजित बजेट मध्ये २०७५ साल जेठ मसान्तसम्मको पूँजीगत तर्फ कूल खर्च ९० प्रतिशत र चालु तर्फ ७२.९२ प्रतिशत खर्च भएको छ ।

गाउँपालिकामा केहि आम्दानीका स्रोत प्राप्त हुने प्राकृतिक स्रोत रहेता पनि पूर्वाधार विकास भई नसकेको अवस्थामा हाल गाउँपालिकामा आम्दानीको स्रोत न्यून रहेको छ । आ.व. २०७४/०७५ मा आन्तरिक कूल आम्दानी रु.४ लाख लक्ष्य रहेकोमा आ. व. २०७४/०७५ को जेष्ठ मसान्तसम्मको कूल आन्तरिक आम्दानी रु.४ लाख ४१ हजार ६ सय ३८ रुपैंया रहेकोछ ।

अध्यक्ष महोदय,

अब म आर्थिक वर्ष २०७५/०७६ को बजेटका उद्धेश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**बजेटका उद्धेश्यहरुः**

१) गाउँपालिका भित्र यातायात लगायत भौतिक पूर्वाधारहरुको विकास गरी जनताको जीवनस्तरलाई सहज बनाउनु ।

२) स्वच्छ खानेपानी, स्वास्थ्य क्षेत्रको पूर्वाधार विकास, गुणस्तरीय शिक्षामा जोड दिई समग्र मानव विकासको स्तरमा सुधार गर्नु ।

३) समाजमा रहेका कुरिति कुप्रथाहरुको अन्त्य गरि लैंगिक तथा सामाजिक समावेशीकरणको विकास गर्नु ।

४) कृषि क्षेत्रको विकास तथा पशुपालन व्यवसायलाई जोड दिइ उत्पादनमा वृद्धि गर्नु ।

५) सार्वजनिक सेवा प्रवाहलाई सबल बनाइ जनतालाई सुशासनको प्रत्याभूति दिनु ।

**आर्थिक वर्ष २०७५/०७६ को बजेटका प्राथमिकिकरणहरु**

१) गाउँपालिकाको सवै वडामा सडक यातायातले जोड्ने ।

२) स्वच्छ खानेपानी, स्वास्थ्य तथा शिक्षा ।

३) कृषि तथा पशुसेवा क्षेत्रको विकास र विस्तार ।

४) लक्षित वर्गहरुको क्षमता विकास ।

५) प्रभावकारी सार्वजनिक सेवा प्रवाह र सुशासनमा जोड ।

**बजेट कार्यक्रम तर्जुमा गर्दा अवलम्बन गरिएका प्रमुख नीति र आधारहरु**

- नेपालको संविधान
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- स्थानीय तहको बजेट तर्जुमा दिग्दर्शन, २०७४
- स्थानीय जनताका माग र आवश्यकता
- उपलब्ध स्रोत तथा साधनहरु

अध्यक्ष महोदय,

अब म यस गाउँपालिकाको आ.व. २०७५/०७६ मुख्य योजना कार्यक्रम र बजेट विनियोजनको अनुमति चाहन्छु ।

यस गाउँपालिकाले आ.व. २०७५/०७६ का लागि नीति तथा कार्यक्रमहरुको कार्यान्वयन गर्न रु.३० करोड ९४ लाख ९ हजार ७ सय ६५ रुपैंया विनियोजन गरेको छ । कूल विनियोजन बजेट मध्ये चालू तर्फ रु.१७ करोड ४० लाख १ हजार ४ सय ७० रुपैंया अर्थात ५६.२४ प्रतिशत रहेको छ । चालु तर्फ रु.४ करोड १० लाख सामाजिक सुरक्षा भत्ता रहेको छ भने वाँकी प्रशासनिक खर्च रहेको छ । पूँजीगत तर्फ रु. १३ करोड ५४ लाख ८ हजार २ सय ९५ रुपैंया अर्थात ४३.७६ प्रतिशत रहेको छ । जसमध्ये पूँजीगत तर्फ आर्थिक विकासमा ८.५१ प्रतिशत, सामाजिक विकास क्षेत्रमा ३५.५१ प्रतिशत, पूर्वाधार विकासमा ४६.५३ प्रतिशत, वातावरण तथा विपद व्यवस्थापनमा ५.६ प्रतिशत र सुशासन तथा संस्थागत विकासमा ३.८५ प्रतिशत विनियोजन गरिएको छ । त्यसैगरी रु. १ करोड समपुरक कोषमा रहनेछ, सर्शत अनुदान रु. १० करोड ६४ लाख, साहारा नेपालको रु.३६ लाख ४७ हजार १० रुपैंया, बहुक्षेत्रीय पोषण कार्यक्रमको रु. १२ लाख ४७ हजार, एकिकृत विकास मञ्चको रु. ३८ लाख ११ हजार ९ सय १५ रुपैंया, एकिकृत विकास समाजको रु. ७४ हजार ३ सय ५० रुपैंया र सुआहाराको रु. ९ लाख ४ हजार ४ सय ९० रुपैंया तोकिएको सम्बन्धित क्षेत्रमा खर्च गरिने छ ।

आर्थिक वर्ष २०७५/०७६ को क्षेत्रगत बजेट विनियोजन

| सि.नं. | क्षेत्र | विनियोजित रकम |
|---|---|---|
| १ | आर्थिक विकास | ८५,१८,०७४/- |
| २ | सामाजिक विकास | ३,५५,३४,३९२/- |
| ३ | भौतिक पूर्वाधार | ४,६५,६४,६५१/- |
| ४ | वातावरण तथा विपद् व्यवस्थापन | ५६,०९,४३९/- |
| ५ | सुशासन तथा संस्थागत | ३८,४८,४४४/- |
| | जम्मा | १०,००,७५,०००/- |

**गाउँपालिका स्तरीय गौरवका योजना**

१) द्वारीदेखि मालिका सडकखण्ड, वडा नं ३ को सिताला हुँदै वडा नं. ७ सम्म, वडा नं २ देखि ७ सम्म सडक निर्माण र गाउँपालिका भित्रका अन्य सडकको स्तरोन्नतिका लागि रु. २ करोड ५० लाख विनियोजन गरिएको छ ।

**गाउँपालिका स्तरीय योजनाहरु**

२) जनताका पिरमर्काहरुको समाधानका गर्न जनतासँग अध्यक्ष कार्यक्रमका लागि रु. ३० लाख विनियोजन गरिएको छ ।

३) महिला सशक्तिकरण, सीप विकास, युवा तथा अन्य लक्षित वर्गको सशक्तिकरणका लागि रु.३० लाख विनियोजन गरिएकोछ ।

४) विभिन्न किसिमका प्राकृतिक तथा मानवीय कारणवस उत्पन्न हुने विपदहरु केहि हदसम्म भएपनि राहत प्रदान गर्न यस गाउँपालिकामा रु. १० लाखको विपद व्यवस्थापन कोषका लागि रकम विनियोजन गरिएको छ ।

५) गाउँपालिका भित्रका खानेपानीको सुरक्षा तथा मर्मत सुधारका लागि रु. ९ लाख ६ हजार विनियोजन गरिएको छ ।

६) यस गाउँपालिका भित्र रहेका विभिन्न भौतिक संरचनाहरुमा आ.व. २०७५/७६ मा आवश्यकता अनुसार मर्मत सम्भारका लागि रु. १० लाख विनियोजन गरिएको छ ।

७) यस गाउँपालिका भित्र आयआर्जन कार्यक्रमका लागि कृषि तर्फ रु. ५ लाख  र पशुसेवा तर्फ रु. ५ लाख गरी जम्मा रु. १० लाख विनियोजन गरिएको छ ।

८) दलित, बालवालिका, अपाङ्गहरुको हक अधिकारको संरक्षण तथा क्षमता विकासका लागि रु. ६ लाख २४ हजार ४ सय ४४ रुपैंया विनियोजन गरिएको छ।

अध्यक्ष महोदय,

अब म यस गाउँपालिकाको वडा स्तरीय बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु।

| वडा नं. | विनियोजित रकम रु. | अक्षेरुपी |
|---|---|---|
| १ | ९७,००,२८७/- | सन्तानव्वे लाख दुई सय सतासी |
| २ | ९४,३२,२५२/- | चौरानव्वे लाख बत्तिस हजार दुई सय बाउन्न |
| ३ | ६२,६५,४९८/- | बैसठ्ठी लाख पैसठ्ठी हजार चार सय अन्ठानव्वे |
| ४ | ६५,४९,७७१/- | पैसठ्ठी लाख उन्चास हजार सात सय एकहत्तर |
| ५ | ६४,८१,०९५/- | चौसठ्ठी लाख एकासी हजार पन्चानव्वे |
| ६ | ५५,२८,९२२/- | पचपन्न लाख अठ्ठाइस हजार नौ सय बाइस |
| ७ | ६०,८२,९८१/- | साठी लाख बयासी हजार नौ सय एकासी |
| **जम्मा** | **५,००,४०,८०६/-** | **पाँच करोड चालिस हजार आठ सय छ** |

अध्यक्ष महोदय,

अब म आ.व. २०७५/०७६ को विनियोजन गरिएको रकमको खर्च व्यहोर्ने स्रोत प्रस्तुत गर्न चाहन्छु।

संघीय सरकार सर्शत अनुदान रु. १० करोड ६४ लाख, संघीय सरकार वित्तीय समानीकरण अनुदान रु. ९ करोड ३३ लाख, प्रदेश सरकार वित्तीय समानीकरण अनुदान रु. ६७ लाख ७५ हजार, संघीय सरकार राजश्व बाँडफाँड अनुदान रु. ५ करोड १० लाख, प्रदेश सरकार राजश्व बाँडफाँड अनुदान रु. ८ लाख गाउँपालिकाको आन्तरिक अनुमानित आय रु. ४ लाख ५० हजार, संघीय सरकार सामाजिक सुरक्षा भत्ता अनुमानित आय अनुदान रु. ४ करोड १० लाख, साहारा नेपाल रु. ३६ लाख ४७ हजार १० रुपैंया, बहुक्षेत्रीय पोषण कार्यक्रम रु. १२ लाख ४७ हजार, एकिकृत विकास मञ्च रु. ३८ लाख ११ हजार ९ सय १५ रुपैंया, सुआहारा रु. ९ लाख ४ हजार ४ सय ९० रुपैंया, एकिकृत विकास समाज रु. ७४ हजार ३ सय ५० रुपैंया गरी **कूल जम्मा ३० करोड ९४ लाख ९ हजार ७ सय ६५ रुपैंया खर्च व्यहोर्ने श्रोत रहेको छ।**

अध्यक्ष महोदय,

सम्भाव्य रहेका जडिबुटी उद्योग, पर्यटन  लगायत प्राकृतिक स्रोत साधनको उपयोग गरी आयआर्जन गर्न पूर्वाधार विकास भैनसकेको अवस्थामा यस गाउँपालिकाको आन्तरिक आय न्यून रहेको छ। आ.व. २०७५/०७६ देखि एकिकृत सम्पत्ति कर लागु गरिनेछ भने अन्य कर र दस्तुरहरुमा सामान्य हेरफेर गरिएको छ।

अन्तमा यस बजेट तर्जुमा मार्ग निर्देशन गर्नु हुने अध्यक्षज्यू, सम्पूर्ण वडा अध्यक्षज्यहरू, गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरु प्रति हार्दिक आभार प्रकट गर्दछु । वजेटमा अमूल्य सुझाव प्रस्तुत गर्नुहुने प्रमुख प्रशासकीय अधिकृतज्यू, विषयगत शाखाका प्रमुखज्यूहरु, वडा सचिवज्यूहरु, लगायत यस गाउँपालिका सम्पूर्ण कर्मचारीज्यूहरु, गाउँपालिका भित्रका सम्पूर्ण गैरसरकारी संघ संस्थाका प्रमुखज्यू, नागरिक समाज, पत्रकार, यस गाउँपालिकावासी सम्पूर्ण दिदीबहिनी दाजुभाइहरु सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।

धन्यवाद ।

अनुसूची-१

गाउँपालिकाको आर्थिक वर्ष २०७५/०७६ को क्षेत्रगत लगानी ( पूँजिगत )

| सि.नं. | क्षेत्र | आ.व. २०७३/०७४ | आ.व. २०७४/०७५ को | | आ.व. २०७५/०७६ को अनुमानित खर्च |
|---|---|---|---|---|---|
| | | | अनुमानित वार्षिक खर्च | हालसम्मको खर्च | |
| १ | आर्थिक विकास | | ९८,५१,१४४/- | ९३,८०,०००/- | ८५,१८,०७४/- |
| २ | सामाजिक विकास | | २,११,२२,५४३/- | २,००,६६,०००/- | ३,५५,३४,३९२/- |
| ३ | भौतिक पूर्वाधार | | ३,३६,४२,१७२/- | ३,१९,६०,०००/- | ४,६५,६४,६५१/- |
| ४ | वातावरण तथा विपद् व्यवस्थापन | | ६८,९५,८०१/- | ६५,५१,०००/- | ५६,०९,४३९/- |
| ५ | सुशासन तथा संस्थागत | | २३,७१,९२३/- | २२,५३,०००/- | ३८,४८,४४४/- |
| **जम्मा** | | | **७,३८,८३,५८३/-** | **७,०१,८८,०००/-** | **१०,००,७५,०००/-** |

अनुसूची-२

आर्थिक वर्ष २०७५/०७६ को पूँजिगत (सम्पत्ति ) खर्चको विवरण

| सि.नं. | बजेट शिर्षक | आ.व. २०७३/०७४ | आ.व. २०७४/०७५ | | आ.व.२०७५/०७६ |
|---|---|---|---|---|---|
| | | असार सम्मको यथार्थ | संशोधित अनुमान | जेठसम्मको खर्च | अनुमान |
| १ | फर्निचर तथा फिक्चर्स | ५२०९००/- | | | ८०००००/- |
| २ | सवारी साधन | | | | ५००००००/- |
| ३ | मेसिनरी तथा ओजार | २३६८०००/- | | | १००००००/- |
| ४ | पूँजिगत सुधार तथा सा.नि. | २०००००/- | | | |
| ५ | भैपरि आउने पूजिगत खर्च | १११११००/- | | | |
| **जम्मा** | | **३२०००००/-** | | | **६८०००००/-** |

अनुसूची-३

आर्थिक वर्ष २०७५/०७६ को वडागत अनुमानित बजेट

| वडा नं. | आ.व. २०७४/०७५ को संसोधित बजेट | आ.व. २०७५/०७६ को अनुमानित बजेट |
|---|---|---|
| १ | १,२०,६२,६५४/- | ९७,००,२८७/- |
| २ | १,२०,६२,६५४/- | ९४,३२,२५२/- |
| ३ | ९६,९७,६५४/- | ६२,६५,४९८/- |
| ४ | ९६,९७,६५४/- | ६५,४९,७७१/- |
| ५ | ९८,५७,६५४/- | ६४,८१,०९५/- |
| ६ | ९८,५६,९५६/- | ५५,२८,९२२/- |
| ७ | १,०६,४८,३५७/- | ६०,८२,९८१/- |
| **जम्मा** | **७,३८,८३,५८३/-** | **५,००,४०,८०६/-** |

**अनुसूची-४**

मष्टा गाउँपालिका वडाबाट आ.व. २०७५/०७६ मा संचालन हुने योजनाहरु

| सि.नं. | योजनाको नाम | वडा नं | कार्यान्वयन हुने स्थान | विनियोजित रकम रु. |
|---|---|---|---|---|
| **आर्थिक विकास** | | | | |
| 1 | नर्सरी सुधार तथा औषधी खरिद | 1 | पुरै वडा | 200000 |
| 2 | युवा दलित महिला क्षमतामुलक तालिम | 1 | पुरै वडा | 200000 |
| 3 | सिचाइ कुलो मर्मत | 1 | सौदेउ | 50000 |
| 4 | गुयल खोचा वंगुर पालन | 1 | गुयल खोचा | 50000 |
| 5 | कृषि वन पैदावार नर्सरी उत्पादन | 1 | गोयल खोचा | 240000 |
| 6 | तरकारी तथा दुध संकलन केन्द्र | 1 | घचाया,लेकी | 100000 |
| 7 | पशु सम्बन्धी कार्यक्रम | 2 | पुरै वडा | 100000 |
| 8 | कृषि सम्बन्धी कार्यक्रम | 2 | पुरै वडा | 100000 |
| 9 | मष्टा साना किसान कृषि सहकारी | 2 | धुरिल्ल | 218074 |

| | | | | |
|---|---|---|---|---|
| 10 | मेलखेत दलित बस्ती बाखा पालन | 2 | मेलखेत | 100000 |
| 11 | खिकाला दमाई टोल सिलाई मेसिन खरिद | 2 | खिकाला | 150000 |
| 12 | मौरी पालन | 2 | धनातोली | 100000 |
| 13 | छाला प्रसोधन सम्बन्धी सामाग्री | 2 | सार्की बस्ती | 100000 |
| 14 | खरायो पालन | 2 | घटाला गान्जी | 100000 |
| 15 | जनविकास महिला कृषक समूह बाखापालन | 3 | भण्डारी गाउँ | 300000 |
| 16 | टनेल हाउस तथा तरकारी खेती | 4 | पुरै वडा | 250000 |
| 17 | पशु औषधि खरिद तथा तालिम | 4 | पुरै वडा | 100000 |
| 18 | कृषि नर्सरी | 5 | पुरै वडा | 200000 |
| 19 | भेटेरिनरी | 5 | पुरै वडा | 50000 |
| 20 | दाँते ओखर वोट खरिद | 6 | डुम्रामथी | 60000 |
| 21 | दमाई टोल सिलाइ मेसिन खरिद | 6 | न्याउली खोर | 50000 |
| 22 | हलारा सिचाई पोखरी | 6 | हलारा | 500000 |
| 23 | फलफुल खेती | 7 | पुरै वडा | 200000 |
| | **जम्मा** | | | **3518074** |
| **सामाजिक विकास** | | | | |
| 1 | घचाया मा.वि भवन निर्माण | 1 | घचाया | 85778 |
| 2 | घचाया मष्टा मन्दिर | 1 | घचाया | 101152 |
| 3 | घटालदेव प्रा.वि भवन निर्माण | 1 | ठाना | 1035357 |
| 4 | सूर्मादेवी प्रा.वि भवन निर्माण | 1 | लेकी | 1216000 |
| 5 | जिन्नाडा माथि खानेपानी आयोजना | 1 | जिन्नाडा | 200000 |
| 6 | जिन्नाडा खानेपानी आयोजना | 1 | जिन्नाडा | 200000 |
| 7 | चिउरी राजिकुडा खानेपानी आयोजना | 1 | जिन्नाडा | 200000 |
| 8 | लेकी खानेपानी आयोजना | 1 | लेकी | 200000 |
| 9 | कोटदेवल खानेपानी आयोजना | 1 | कोटदेवल ४,५ | 200000 |
| 10 | द्वालबाडा खानेपानी आयोजना | 1 | द्वालबाडा | 200000 |
| 11 | सरस्वती मा.वि. शिल्की टोल खा.पा. मर्मत | 1 | रन्नाडा | 300000 |
| 12 | आफर निर्माण | 1 | गलेचौर | 50000 |
| 13 | माइतीवन नि.मा.वि. छानामुनि प्लाईउड | 1 | रन्नाडा | 300000 |

| | | | | |
|---|---|---|---|---|
| 14 | घचाया मा.वि. घेरवार | 1 | रन्नाडा | 300000 |
| 15 | स्वास्थ्य चौकी औषधी खरिद | 1 | कोटदेवल | 100000 |
| 16 | वाठपाली मन्दिर निर्माण | 1 | रनाडा | 100000 |
| 17 | सारकोइराला मन्दिर निर्माण | 1 | रनाडा | 150000 |
| 18 | लागामाण्डू मन्दिर निर्माण | 1 | लेकी | 100000 |
| 19 | मलारी डुग्री खा.पा. | 1 | डुग्री | 500000 |
| 20 | विन्दाहा मन्दिर मर्मत | 1 | ठाना | 50000 |
| 21 | बाल विकास प्रा.वि. भवन निर्माण | 2 | खेतकोट | 525000 |
| 22 | भवानी नि.मा.वि. भवन निर्माण | 2 | बाडेगाउँ | 925000 |
| 23 | भैरव प्रा.वि भवन निर्माण | 2 | उकाली | 537796 |
| 24 | भवानी नि.मा.वि. भवन निर्माण | 2 | बाडेगाउँ | 883982 |
| 25 | जेठारा टोल खानेपानी आयोजना | 2 | घट्टाला | 200000 |
| 26 | धनातोली खा.पा. | 2 | धनातोली | 100000 |
| 27 | शारदा मा.वि. घेरवार | 2 | तीनगाउँ | 350000 |
| 28 | मष्टा नि.मा.वि. घेरवार निर्माण | 2 | तुती | 350000 |
| 29 | बालविकास प्रा.वि. घेरवार | 2 | खेतकोट | 200000 |
| 30 | धुरिल्ल खा.पा. | 2 | धुरिल्ल | 400000 |
| 31 | दलितबस्ती तीन गाउँ खा.पा. मर्मत | 2 | तीनगाउँ | 100000 |
| 32 | तुती उवावन खा.पा. मर्मत | 2 | तुती | 100000 |
| 33 | शान्ति प्रा.वि. घेरवार | 2 | नौराहा | 100000 |
| 34 | अधिकारी गाउँ खा.पा. मर्मत | 2 | अधिकारी गाउँ | 200000 |
| 35 | कठगाउँ खा.पा. मर्मत | 2 | कठगाउँ | 50000 |
| 36 | घटालदेव प्रा.वि. छाना मर्मत | 2 | धनातोली | 200000 |
| 37 | गान्जी खा.पा. मर्मत | 2 | गान्जी | 60000 |
| 38 | स्वास्थ्य सम्बन्धी कार्यक्रम | 2 | पूरै वडा | 40000 |
| 39 | भवानी नि.मा.वि. भवन निर्माण | 2 | बाडेगाउँ | 1100000 |
| 40 | युवावर्ष प्रा.वि. घेरवार | 3 | गैरिगाउँ | 300000 |
| 41 | गिरसैन सा. प्रा.वि.घेरवार तथा फिल्ड निर्माण | 3 | सेरागदाडा | 300000 |
| 42 | मालिका नि.मा.वि. फिल्ड तथा मर्मत | 3 | ढडार | 100000 |

| | | | | |
|---|---|---|---|---|
| 43 | भवानी प्रा.वि भवन निर्माण | 3 | भिनमड | 547558 |
| 44 | मालिका नि.मा.वि. | 3 | ढडार | 925000 |
| 45 | बाल मैत्री वडा संचालन | 4 | पूरै वडा | 150000 |
| 46 | सञ्जाल व्यवस्थापन | 4 | पूरै वडा | 200000 |
| 47 | स्वास्थ्य व्यवस्थापन | 4 | पूरै वडा | 100000 |
| 48 | धौलपुरा मन्दिर मर्मत | 4 | आग्रा | 100000 |
| 49 | चौका मन्दिर मर्मत | 4 | खेती | 75000 |
| 50 | अरिन्याड धारा मर्मत | 4 | भातेखोला | 60000 |
| 51 | कुलनानन्दव प्रा.वि. घेरवार | 4 | बाँस्तोली | 165000 |
| 52 | मष्टा मन्दिर | 4 | बाहुनगाउँ | 150000 |
| 53 | कालिका प्रा.वि. भवन निर्माण | 4 | आग्रा | 700000 |
| 54 | ऐकवार प्रा.वि. भवन निर्माण | 4 | खेती | 1216000 |
| 55 | कालिका प्रा.वि. भवन निर्माण | 4 | आग्रा | 355190 |
| 56 | कुलमष्ट जन मा.वि. भवन निर्माण | 4 | भातेखोला | 299000 |
| 57 | कालसैन मन्दिर निर्माण | 4 | भातेखोला | 238007 |
| 58 | तपोवन कुण्ड निर्माण | 4 | आग्रा | 496354 |
| 59 | तपोवन खानेपानी आयोजना | 4 | आग्रा | 200000 |
| 60 | द्वारीकानाथ नि.मा.वि. भवन निर्माण | 5 | द्वारी | 925000 |
| 61 | थला वर्थिङ सेन्टर | 5 | थला | 145271 |
| 62 | नेलधारा खानेपानी आयोजना | 5 | द्वारी | 200000 |
| 63 | पाराताप्ने खानेपानी | 5 | थला | 1061143 |
| 64 | द्वारीकानाथ नि.मा.वि. | 5 | द्वारी | 280000 |
| 65 | भवानी मन्दिर निर्माण | 5 | द्वारी | 251583 |
| 66 | जानकी नि.मा.वि. भवन निर्माण | 5 | किनाडा | 450000 |
| 67 | चौखेला खानेपानी आयोजना | 6 | चौखेला | 200000 |
| 68 | लागा मन्दिर निर्माण | 6 | लागा | 239056 |
| 69 | भवानी मन्दिर निर्माण | 6 | भवानी मन्दिर | 663401 |
| 70 | गुयामारी दोगाडे खा.पा. निर्माण | 6 | झाड गाउँ | 500000 |
| 71 | लम्पटा खा.पा. निर्माण | 6 | लम्पटा | 124000 |

| | | | | |
|---|---|---|---|---|
| 72 | चौराथा खा.पा. निर्माण | 6 | चौराथा | 200000 |
| 73 | ठुलाचौर कुवा निर्माण | 6 | ठुलाचौर | 50000 |
| 74 | बजेनी खा.पा. निर्माण | 6 | वडा कार्यालय | 150000 |
| 75 | भिरमुथी चाल्निबाडा खा.पा.निर्माण | 6 | न्यउली खोर | 400000 |
| 76 | देना कुवा मर्मत | 6 | हलारा | 100000 |
| 77 | धारापाटी कुवा निर्माण | 6 | धारापाटी | 50000 |
| 78 | सञ्जालहरु | 6 | पुरै वडा | 200000 |
| 79 | मल्लो सिम कुवा निर्माण | 6 | सिम | 50000 |
| 80 | रिलु स्वास्थ्य चौकी | 6 | रिलु | 200000 |
| 81 | कालिका प्रा.वि. | 6 | रिलु | 200000 |
| 82 | लगा मन्दिर प्लास्टर | 6 | लागा | 200000 |
| 83 | मल्लो चोखेल्ला खा.पा. | 6 | रिलु | 100000 |
| 84 | कालिका प्रा.वि. भवन निर्माण | 6 | कालिका | 367465 |
| 85 | वुडापानी मजेडा खानेपानी आयोजना | 7 | मजेडा | 200000 |
| 86 | मल्लो चल्ला पोल्ना खा.पा. | 7 | थला रन्काडा | 978942 |
| 87 | हिमालय नि.मा.वि. भवन निर्माण | 7 | ठकुन्ना | 238216 |
| 88 | कैलाश मन्दिर | 7 | दय | 218933 |
| 89 | कैलाश मन्दिर | 7 | लटौन | 83131 |
| 90 | ठटीगैरा खा.पा. | 7 | लटौन | 399998 |
| 91 | मुखेल धन्धरा खा.पा. | 7 | ठकुन्ना | 444374 |
| 92 | भैरव मन्दिर | 7 | काँडापानी | 45144 |
| 93 | हिमालय नि.मा.वि. भवन निर्माण | 7 | ठकुन्ना | 1300000 |
| 94 | ठाटी गैरा खा.पा. निर्माण | 7 | ठाटी गैरा | 575561 |
| 95 | मष्टा मन्दिर मर्मत | 7 | उदापाली | 50000 |
| 96 | डौठी लटौन खा.पा. निर्माण | 7 | गोग्नीतुरीधारा धौली | 100000 |
| | **जम्मा** | | | **30628392** |

| भौतिक पूर्वाधार विकास | | | | |
|---|---|---|---|---|
| 1 | धनाघाट ठूलागडा सिंचाइ कुलो निर्माण | 1 | ठुलागडा | 1824000 |
| 2 | जाल्तडी सिंचाइ कुलो मर्मत | 1 | जिन्नडा | 150000 |
| 3 | पोल व्यवस्थापन | 1 | पुरै वडा | 100000 |
| 4 | धुरिल्ल लाक्षीगाड लघु जलविद्युत | 2 | धुरिल्ल | 751400 |
| 5 | खिकाला काठे पुल निर्माण | 2 | खिकाला | 100000 |
| 6 | खेतकोट देखि कोरेली चौराटा बाटो निर्माण | 2 | खेतकोट | 200000 |
| 7 | अधिकारी गाउँ काठे पुल र बाटो निर्माण | 2 | अंखु बगर | 100000 |
| 8 | सिम्भाडी पारी पार्क निर्माण | 2 | खिकाला | 100000 |
| 9 | विश्राम पार्क निर्माण | 3 | भिन्मड | 300000 |
| 10 | दलित सामुदायिक भवन निर्माण | 3 | ओडेतोला | 1164874 |
| 11 | मष्टा मन्दिर सामुदायिक भवन निर्माण | 3 | धामिगाउँ | 1595066 |
| 12 | बाँसखेत सिंचाइ कुलो मर्मत | 4 | खेती | 75000 |
| 13 | खाली खेत सिंचाइ कुलो मर्मत | 4 | खेती | 50000 |
| 14 | सामुदायिक भवन निर्माण | 4 | ठाना | 1070220 |
| 15 | खरी सिंचाइ कुलो निर्माण | 5 | खरी | 700000 |
| 16 | तल्ला तर्ना सिंचाइ कुलो | 5 | तल्ला तर्ना | 100000 |
| 17 | किनाडा सिंचाइ कुलो निर्माण | 5 | सेरारुपैल | 700000 |
| 18 | द्वारीगाड लघु जलविद्युत | 5 | द्वारी | 800000 |
| 19 | सप्तरङ्गी युवा क्वल भवन निर्माण | 5 | द्वारी | 190098 |
| 20 | तल छाना आफर भवन निर्माण | 6 | तल छाना | 50000 |
| 21 | भाडगाउँ लागामाडु बाटो मर्मत | 6 | भाडगाउँ | 50000 |
| 22 | ताउल्या बाटो मर्मत | 6 | द्वारी | 50000 |
| 23 | रिलु पातिहाल्ना बाटो मर्मत | 6 | गतौन | 50000 |
| 24 | विद्युत देखि वडा कार्यालय बाटो मर्मत | 6 | रिलु | 25000 |
| 25 | तल्लो ल.ज.वि. आयोजना | 6 | अदासैन | 200000 |
| 26 | अनारखोला काठेपुल तथा बाटो | 7 | तल्ला ठकुन्ना | 43290 |
| 27 | स्कूल देखि दोवाटो दय | 7 | दय | 89953 |
| 28 | तल्ला ठकुन्ना सिं.कु. मर्मत | 7 | तल्ला ठकुन्ना | 232000 |
| 29 | मल्लो ठकुन्ना सिं.कु. मर्मत | 7 | मल्लो ठकुन्ना | 200000 |
| | **जम्मा** | | | **11060901** |

| | | | | |
|---|---|---|---|---|
| **वातावरण तथा विपद व्यवस्थापन** | | | | |
| 1 | मालभुली तटबन्धन | 1 | जिन्नडा | 350000 |
| 2 | लेकी लुखाडा तटबन्धन | 1 | लेकी | 200000 |
| 3 | कन्जडी खोला तटबन्धन | 1 | कोटदेवल | 150000 |
| 4 | भैपरी आउने | 1 | पुरै वडा | 398000 |
| 5 | वृक्षरोपण | 2 | तीन गाउँ | 100000 |
| 6 | माभीगाउँ दलित बस्ती पार्क निर्माण | 2 | माभीगाउँ | 150000 |
| 7 | ढल निकास | 2 | बाडेगाउँ | 100000 |
| 8 | दलित बस्ती तटबन्धन | 3 | धामीगाउँ | 200000 |
| 9 | तोला तटबन्धन | 3 | भिनमड | 100000 |
| 10 | विपद् व्यवस्थापन एवम मर्मत सम्भार | 4 | पुरै वडा | 150000 |
| 11 | पनेरीखोला ढलनिकास | 4 | भातेखोला | 100000 |
| 12 | भैपरी आउने | 5 | पुरै वडा | 428000 |
| 13 | भैपरी आउने | 6 | पुरै वडा | 500000 |
| 14 | दय खोला तटबन्धन | 7 | दय | 500000 |
| 15 | भैपरी आउने | 7 | पुरै वडा | 183439 |
| | **जम्मा** | | | **3609439** |
| **सुशासन तथा संस्थागत विकास** | | | | |
| 1 | सूचना प्रविधि व्यवस्थापन | 1 | पुरै वडा | 100000 |
| 2 | उपभोक्ता समिति तालिम | 2 | पुरै वडा | 50000 |
| 3 | योजना सार्वजनिक सुनुवाई | 2 | पुरै वडा | 41000 |
| 4 | महिला सञ्जाल | 2 | पुरै वडा | 100000 |
| 5 | अपाङ सञ्जाल | 2 | पुरै वडा | 50000 |
| 6 | बाल बालिका सम्बन्धी | 2 | पुरै वडा | 50000 |
| 7 | ज्येष्ठ नागरिक सम्मान | 2 | पुरै वडा | 50000 |
| 8 | युवा सञ्जाल | 2 | पुरै वडा | 100000 |
| 9 | सार्वजनिक सुनुवाइ कार्यक्रम सञ्चालन | 3 | पुरै वडा | 50000 |
| 10 | क्षमता विकास तालिम | 3 | पुरै वडा | 383000 |
| 11 | क्षमता विकास तालिम | 4 | पुरै वडा | 250000 |
| | **जम्मा** | | | **1224000** |
| | **वडा स्तरीय योजनाहरुको कुल जम्मा** | | | **50040806** |

# अनुसूची-५

## आ.व. २०७५/०७६ को शिर्षकगत बजेट प्रशासनिक खर्च अनुमान

| चालु खर्च | | | | |
|---|---|---|---|---|
| खर्च शीर्षक नं. | शीर्षक | आ.व.२०७३/०७४ यथार्थ खर्च | आ.व.२०७४/०७५ अनुमान खर्च | आ.व.२०७५/०७६ अनुमानित खर्च |
| 21111 | पारिश्रमिक कर्मचारी | 500000 | 5965496 | 16500000 |
| 21112 | पारिश्रमिक पदाधिकारी | | 4296000 | 5000000 |
| 21121 | पोशाक | 7500 | 450000 | 400000 |
| 21131 | स्थानीय भत्ता | 125000 | 752500 | 3500000 |
| 21132 | महंगी भत्ता | 25000 | 96000 | 1000000 |
| | अन्य भत्ता | 90000 | 1309100 | |
| 21135 | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | | | 300000 |
| 21141 | पदाधिकारी बैठक भत्ता | | | 1050000 |
| 21142 | पदाधिकारी अन्य सुविधा | | | 700000 |
| 21212 | योगदानमा आधारित निवृत्तभरण तथा उपदान खर्च | | | 100000 |
| 21213 | योगदानमा आधारित बीमा कोष खर्च | | | 100000 |
| 22111 | पानी तथा बिजुली | 7500 | 31000 | 100000 |
| 22112 | संचार महसुल | 25000 | 364740 | 400000 |
| 22212 | इन्धन÷यातायात | 20000 | 166500 | 400000 |
| 22213 | सवारी साधन मर्मत खर्च | | | 100000 |
| 22214 | बिमा तथा नविकरण खर्च | | | 25000 |
| 22221 | मेशिनरी तथा औजार मर्मत सम्भार संचालन खर्च | 34500 | | 100000 |
| 22231 | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | 240000 | | 400000 |
| 22311 | मसलन्द तथा कार्यालय सामाग्री | 350000 | 842800 | 510000 |
| 22313 | पुस्तक तथा सामग्री खर्च | | | 100000 |

| | | | | |
|---|---|---|---|---|
| 22315 | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | | | 600000 |
| 22411 | सेवा र परामर्श खर्च | | 144450 | 300000 |
| 22412 | सुचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | | | 300000 |
| 22413 | करार सेवा शुल्क | | | 400000 |
| 22419 | अन्य सेवा शुल्क | 50500 | 132000 | 100000 |
| 22511 | कर्मचारी तालिम खर्च | | | 100000 |
| 22512 | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी | 20000 | 345150 | 300000 |
| 22529 | विविध कार्यक्रम खर्च | 50000 | 433700 | 200000 |
| 22611 | अनुगमन मुल्याङकन खर्च | 170000 | 1410555 | 1500000 |
| 22612 | भ्रमण खर्च | 45000 | 19800 | 500000 |
| 22613 | विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च | | | 175000 |
| 22711 | विविध खर्च | 180000 | 2115232 | 2300000 |
| 27112 | अन्य सामाजिक सुरक्षा | | | 500000 |
| 28142 | घरभाडा | 25000 | 322167 | 400000 |
| 28149 | अन्य भाडा | 35000 | | 100000 |
| 28911 | भैपरी आउने खर्च | | 3032512 | 2000000 |
| | वडा कार्यालयहरुको लागि संचालन खर्च | | 4300000 | 4890000 |
| | आर्थिक सहायता | | 400000 | |
| | **जम्मा** | **2000000** | **26929702** | **45450000** |
| **पूँजिगत खर्च** | | | | |
| 31115 | फर्निचर तथा फिक्चर्स | 520900 | | 800000 |
| 31121 | सवारी साधन | | | 5000000 |
| 31122 | मेशिनरी तथा औजार | 2368000 | | 1000000 |
| | पूँजीगत सुधार तथा सार्वजनिक निर्माण | 200000 | | |
| | भैपरी आउने पूँजीगत खर्च | 111100 | | |

| | | | |
|---|---|---|---|
| **जम्मा** | 3200000 | | 6800000 |
| **कुल जम्मा** | 5200000 | | 52250000 |

## cf=j= 075÷076 sf] lzif{sut ah]^ vr{ cg'dfg -j*f sfof{no tkm{_

| rfn' vr{ | | cf=jf=075÷076 cg'dflgt vr{ | | | | | | | **s'n hDdf** |
|---|---|---|---|---|---|---|---|---|---|
| vr{ zLif{s g+= | zLif{s | j*f g+= 1 | j*f g+= 2 | j*f g+= 3 | j*f g+= 4 | j*f g+= 5 | j*f g+= 6 | j*f g+= 7 | |
| 21141 | पदाधिकारी बैठक भत्ता | 286000 | 250000 | 250000 | 250000 | 250000 | 286000 | 250000 | 1822000 |
| 22111 | पानी तथा बिजुली | 10000 | 10000 | 10000 | 10000 | 10000 | 10000 | 10000 | 70000 |
| 22112 | संचार महसुल | 20000 | 20000 | 20000 | 20000 | 20000 | 20000 | 20000 | 140000 |
| 22231 | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | 50000 | 50000 | | | 50000 | 50000 | | 200000 |
| 22311 | मसलन्द तथा कार्यालय सामाग्री | 75000 | 75000 | 70000 | 70000 | 70000 | 70000 | 70000 | 500000 |
| 22315 | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | 40000 | 40000 | 35000 | 35000 | 35000 | 35000 | 35000 | 255000 |
| 22611 | अनुगमन मुल्याङ्न खर्च | 60000 | 60000 | 60000 | 60000 | 60000 | 60000 | 60000 | 420000 |
| 22711 | विविध खर्च | 249000 | 245000 | 180000 | 180000 | 180000 | 184000 | 173000 | 1391000 |
| 28142 | घरभाडा | | | 50000 | 50000 | | | 72000 | 172000 |
| **जम्मा** | | **790000** | **750000** | **675000** | **675000** | **675000** | **715000** | **690000** | **4970000** |

## अनुसूची-६

आर्थिक वर्ष २०७५/०७६ को अनुमानित आय( राजश्व) विवरण

| सि.नं. | विवरण | बजेट शीर्षक | आ.व. ०७३/०७४ यथार्थ | आ.व. ०७४/०७५ अनुमान | जेठ महिनासम्मको | आ.व. २०७५/०७६ अनुमानिय आय |
|---|---|---|---|---|---|---|
| आन्तरिक आय | | | | | | |
| १ | एकीकृत सम्पत्ति कर | | | | | २०००००।— |
| २ | मालपोत | | | | २०६०५०।— | |
| ३ | व्यवसाय कर | | | | ६०००।— | ४००००।— |
| ४ | घरजग्गा वहाल कर | | | | | १००००।— |
| ५ | जडिबुटी कवाडी जीवजन्तु कर | | | | | १५०००।— |
| ६ | सेवा शुल्क | | | | २०४८।— | २००००।— |
| ७ | व्यक्तिगत घटना दस्तुर | | | | ६२७५०।— | ९००००।— |
| ८ | सिफारिस दस्तुर | | | | ११८९५२।— | ५५०००।— |
| ९ | नाता प्रमाणित | | | | ५५०।— | १००००।— |
| १० | अन्य शुल्क | | | | ४४६५०।— | १००००।— |
| | **आन्तरिक आय जम्मा** | | | ४०००००।— | ४४१०००।— | **४५००००।—** |
| **अनुदान** | | | | | | |
| 1 | सशर्त अनुदान | | | | | १०६४०००००/- |
| 2 | वित्तिय समानिकरण | | | | | १०००७५०००/- |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 3 | राजस्व बांडफांड | | | | | ५१८०००००/- |
| 4 | सामाजिक सूरक्षा | | | | | ४१००००००/- |
| 5 | साहारा नेपाल | | | | | ३६४७०१०/- |
| 6 | बहुक्षेत्रीय पोषण कार्यक्रम | | | | | १२४७०००/- |
| 7 | एकिकृत विकास मञ्च | | | | | ३८११९१५/- |
| 8 | सुआहारा-II | | | | | ९०४४९०/- |
| 9 | एकिकृत विकास समाज | | | | | ७४३५०/- |
| | **जम्मा** | | | | | **३०,८९,५९,७६५/-** |
| | **कूल आय जम्मा** | | | ४,००,०००।— | ४,४१,०००।— | **३०,९४,०९,७६५/-** |